नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

# स्थानीय तह निर्वाचन २०७४ मा बालअधिकार अनुगमन
## संक्षिप्त प्रारम्भिक प्रतिवेदन

## १. विषय प्रवेश

नेपाल सरकारले बालअधिकार प्रति प्रतिबद्ध र संवेदनशील रहँदै बालअधिकारको संरक्षण र प्रवर्द्धनका निम्ति थुप्रै प्रयासहरू गरिरहेको छ । यस क्रममा केन्द्रीय बालकल्याण समितिले सम्वद्ध सरोकारवालाहरुसँगको सहकार्यमा सबै क्षेत्रमा बालसंवेदनशीलता एवम् क्रियाशिलता बढाउन प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । यस शिलशिलामा निर्वाचन सम्बन्धी राजनीतक गतिविधिहरुमा बालबालिकाको प्रयोग नहोस् भन्ने सम्बन्धमा समेत सजग रहेको छ । २०७० सालमा भएको संविधान सभाको निर्वाचनमा पनि केन्द्रीय बालकल्याण समितिको समन्वयमा बालअधिकारको दृष्टिकोणबाट देशैभरि अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरिएको अनुभव समेतका आधारमा २०७४ सालको स्थानीय तह निर्वाचनमा पनि बालबालिकाको दुरुपयोग नहोस् भन्ने उद्देश्य लगायत बालअधिकारको दृष्टिकोणबाट निर्वाचन गतिविधिहरु अनुगमन गरिएको छ ।

## २. अनुगमनका उद्देश्यहरु

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनको मुख्य उद्देश्यहरु निम्न रहेका थिए :

- निर्वाचन आचार संहिताले बालबालिका सम्बन्धी व्यवस्था गरेका प्रावधानहरूको कार्यान्वयनबारे अनुगमन गर्ने ।
- निर्वाचनमा सहभागी हुने तथा नहुने दलहरूका साथै अभिभावक तथा अन्य सरोकारवाला निकायहरूलाई बालबालिकाको प्रयोग हुन नदिन तथा नगर्न सचेतना अभिवृद्धि गर्ने ।
- स्थानीय तह निर्वाचन २०७४ मा भए गरेका बालअधिकार उल्लंघनका घटनाको अभिलेखीकरण गर्ने ।
- बालबालिकाको दुरुपयोग विरुद्ध सम्बन्धित दल, उम्मेदवार, निर्वाचन आयोगको ध्यानाकर्षण गर्ने ।
- निर्वाचनसँग सम्बन्धित क्रियाकलापमा राजनीतिक दल तथा उम्मेदवारका तर्फबाट बालबालिकाको दुरुपयोग नगर्न गरिएका प्रतिवद्धता पूरा भए-नभएको अनुगमन गर्ने ।

## ३. अनुगमन विधि

स्थानीय तह निर्वाचन २०७४ मा बालअधिकार अनुगमनको कार्य गर्नको लागि विभिन्न सरोकारवाला संघसंस्थाहरुको सहकार्यमा केन्द्रीय बालकल्याण समितिको नेतृत्वमा निर्वाचनमा बालअधिकार अनुगमन गर्ने केन्द्रीय स्तरमा एक समिति र पहिलो चरणमा निर्वाचन भएका ३ प्रदेश (३, ४ र ६) अन्तर्गतका ३४ जिल्लामा जिल्ला बालकल्याण समितिको

नेतृत्वमा बालअधिकार अनुगमन समूह गठन भएका थिए । बालअधिकार अनुगमनका लागि केन्द्रीय बालकल्याण समितिले *बालअधिकार अनुगमन सम्बन्धी सहयोगी पुस्तिका २०७४* तयार गरी सोही बमोजिम केन्द्र तथा जिल्लामा बालअधिकार अनुगमन कार्य सम्पन्न गरेको थियो । जिल्ला बालअधिकार अनुगमन समूहमा बालअधिकारका क्षेत्रमा क्रियाशिल जिल्ला स्तरका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, निर्वाचन पर्यवक्षेणको अनुमति प्राप्त संस्था, पत्रकार लगायतको संलग्नता रहेको थियो ।

## ४. स्थानीय तह निर्वाचन, २०७४ मा केन्द्रीय बालकल्याण समितिद्वारा बालअधिकार हनन न्यूनीकरणका लागि गरिएका प्रयासहरु

बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, बैठक वा भेलामा सहभागी नगराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग नगर्ने र नगराउन, विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम नगर्ने र निर्वाचनका समयमा हुने बालअधिकार उल्लंघनका घटनाहरु अभिलेखीकरण गर्न र राजनैतिक पार्टीहरुको तर्फबाट जनाइएका प्रतिवद्धता पूरा भए नभएको अनुगमन गर्ने तथा निर्वाचन आचारसंहिता तथा प्रचलित बालअधिकारका मूल्य र मान्यता विपरीत बालबालिकालाई निर्वाचनमा प्रयोग गरी जोखिमको अवस्था रहेको पाइएमा तत्काल सो कार्य रोक्नको निम्ति सरोकारवाला निकाय तथा राजनैतिक दललाई सूचित गर्ने उद्देश्यले केन्द्रीय बालकल्याण समितिले स्थानीय तह निर्वाचन २०७४ मा देहाय बमोजिमका कार्यहरु गरेको छ :

- निर्वाचनमा बालअधिकार अनुगमन गर्ने संघसंस्था तथा सञ्जालहरुसंग विभिन्न समयमा ३ पटक बैठक बसी आवश्यक निर्णयहरु गरिएको थियो । बालअधिकार उल्लघंनका घटनाहरुलाई एकीकृत गर्नुका साथै निर्वाचनमा बालअधिकार अनुगमन सम्बन्धी सूचना प्रदान गर्ने उद्देश्यले केन्द्रीय बालकल्याण समितिले **मोबाईल नं. ९८५१२१६१७४** प्रयोगमा ल्याएको थियो । विभिन्न सञ्चारमाध्यममा प्रकाशित निर्वाचनमा बालअधिकार उलंघनका घटनाहरुको अभिलेखीकरण गरिएको छ साथै सो सँग सम्बन्धित दलहरुलाई सचेत गराइएको छ । निर्वाचनमा मावनअधिकार हनन्का घटनाहरुको अनुगमन गर्ने क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत अनुगमन गरिदिने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गरिएको छ । राजनीतिक गतिविधि तथा कार्यक्रमहरुमा बालबालिकालाई प्रयोग नगरिदिन आग्रह गर्दै विभिन्न राजनीतिक दलहरुलाई पत्र पठाइनुका साथै निर्वाचनमा बालबालिकालाई प्रयोग नगर्न, नगराउन हुन सबै राजनैतिक दलहरुलाई सार्वजनिक अपिल समेत गरिएको थियो ।

- ७५ वटै जिल्ला बालकल्याण समितिमा स्थानीय निर्वाचनमा बालअधिकार अनुगमन सम्बन्धमा पत्राचार गरिएको थियो । जस पश्चात जिल्ला बालकल्याण समितिको संयोजनमा बालअधिकारको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्था, निकाय समेतको सहभागितामा छलफल गरी स्थानीय निर्वाचनमा बालअधिकार अनुगमन समूह गठन गरी अनुगमन गतिविधि व्यवस्थित गर्ने,. निर्वाचन आचारसंहिता र बालअधिकारबारे राजनैतिक दल लगायतसँग छलफल गरी लिखित प्रतिबद्धता लिने, सम्बन्धित निकाय एवम् संघसंस्थाका प्रतिनिधिहरु बीच अनुगमन गर्ने विषय, प्रक्रियाबारे छलफल गरी आ-आफ्ना नियमित कार्यक्रम, गतिविधि अन्तर्गत पनि अनुगमनको कार्य गर्ने, सचेतना सामग्री प्रकाशन, वितरण र संचारमाध्यम लगायतबाट सचेतना बढाउने समेतका कार्यहरु भए ।

- निर्वाचनका कुनै पनि गतिविधिमा बालबालिकालाई प्रयोग नगर्नका लागि सबै राजनीतिक दलहरुलाई लक्षित गरी अपिल प्रकाशन गरिएको थियो ।

- राजनीतिक दलहरुलाई कुनै पनि राजनीतिक कार्यक्रममा बालबालिकाको प्रयोग नगर्न आग्रह गर्दै पत्रचार गरिएको थियो तर उक्त पत्राचार पछि पनि बालबालिका प्रयोगका घटनाहरु प्रकाशमा आइरहेकोले पुनः उनीहरुलाई ध्यानाकर्षण गरिएको थियो ।
- देशैभरी एकैसाथ प्रसारण हुने गरि सिआईएन, उज्यालो नेटवर्क, कान्तिपुर एफएम लगायत जिल्लाका स्थानीय रेडियो/एफ्.एम्.बाट निर्वाचनमा बालबालिकाको प्रयोग गर्न नहुनेसम्बन्धी सूचना प्रसारण गरिएको थियो ।
- फेसबुक पेजमार्फत् निर्वाचन सम्बन्धी ३ वटा सन्देशमूलक सामग्री बुस्ट गरिएको । सो सन्देश २१ लाख मानिसमा पुगको थियो ।
- निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति पाएका संघसंस्थासंग अन्तक्रिया गरी पर्यवेक्षणका क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत पर्यवेक्षण गरिदिनका लागि अनुरोध गरिएको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोगलाई पत्राचार गरी निर्वाचनको समयमा त्यहाँबाट गरिने अनुगमनको क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत अनुगमन गरिदिनका लागि अनुरोध गरिएको थियो ।
- निर्वाचनको दिन केन्द्रीय बालकल्याण समितिले काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई आधार बनाई ७४ वटा मतदान केन्द्रमा बालअधिकार अनुगमन गरिएको थियो ।
- निर्वाचन पश्चात केन्द्रीय र जिल्ला बालकल्याण समितिले विजय जुलुसमा बालबालिकाको प्रयोग हुन नदिन सामाजिक सञ्जालमार्फत् अनुरोध गर्नुका साथै अनुगमन कार्य गरिरहेको छ ।
- निर्वाचनमा बालबालिका प्रयोग नगर्ने भन्ने किसिमको बुँदाहरुमा हालसम्म २७ जिल्लाको राजनीतिक दलको लिखित हस्ताक्षर सहितको प्रतिबद्धता गराइएको छ ।
- निर्वाचनमा बालअधिकार सचेतना सामग्री तयारी, प्रकाशन तथा प्रसारण गरिएको छ ।
- विभिन्न समाजिक सञ्जाल, वेवसाइटका माध्यमबाट सूचनामूलक सन्देश सम्प्रेषण गरिएको छ ।
- बालअधिकारकर्मी, संघसंस्था तथा सञ्जालहरूसँग समन्वय र सहकार्य गरिएको छ ।
- निर्वाचन पर्यवेक्षण संस्थाहरूसँग समन्वय र सहकार्य गरिएको छ ।
- निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् बालअधिकार अनुगमन तथा सूचना संकलन गरिएको छ ।
- कान्तिपुर टेलिभिजनमा निर्वाचनमा बालअधिकार हननसम्बन्धी बिषयमा केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक श्री तारक धितालको अन्तरवार्ता प्रसारण समेत भएको थियो ।
- तथ्यांकहरूको संकलन, प्रविष्टि र विश्लेषण गरिएको छ ।

अनुगमनकर्ताहरूको परिचालनबाट भएको प्रत्यक्ष अनुगमनका अतिरिक्त केही तथ्यांक तथा जानकारीहरू अन्य विभिन्न स्रोतहरु जस्तै सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर आदि), सञ्चार माध्यममा प्रकाशित/प्रसारित भएका जानकारीका आधारमा पनि पुर्नपुष्टि गरी समावेश गरिएको छ । प्राप्त विवरण विभिन्न जिल्लाहरूमा भएका घटनाहरुमा मात्र आधारित भएको हुँदा यी केही प्रतिनिधिमूलक घटना विवरणमात्र हुन् ।

## ५. अनुगमन कार्यको सीमा

केन्द्रीय बालकल्याण समितिबाट सम्भव भएसम्म पहिलो चरणमा निर्वाचन भएका सबै स्थानका घटनालाई समेट्न सक्नेगरी अनुगमन गर्ने प्रयत्न गर्दागर्दै पनि भौगोलिक विकटता र आर्थिक, प्राविधिक तथा जनशक्ति लगायतको स्रोत साधनको सीमितताका कारण सम्पूर्ण निर्वाचन केन्द्र र समुदायमा पुगी सबै घटनालाई समेट्न सकिएको छैन । स्थानीय तह निर्वाचन २०७४ मा गरिएको बालअधिकार अनुगमनले मुख्य रूपमा राजनीतिक दल तथा उम्मेदवारका कार्यक्रम,

निर्वाचन गतिविधिका सम्बन्धमा निर्वाचन पूर्व, निर्वाचनका दिन र निर्वाचन पश्चात् बिजय जुलुसमा बालबालिकालाई प्रत्यक्ष सहभागी गराइएका र विद्यालय तथा विद्यालय परिसरलाई प्रयोग गरेका घटनाहरूलाई मात्र अनुगमनमा समेटिएको छ ।

## ६. अनुगमनबाट देखिएका बालअधिकार उल्लंघनका केही स्वरुपहरु :

केन्द्र र जिल्ला स्तरमा बालअधिकार अनुगमनका निम्ति गठन भएका समिति/समूहले निर्वाचन पूर्व, निर्वाचनका दिन तथा निर्वाचन पश्चात् अनुगमन गर्ने क्रममा निम्न बमोजिमका बालअधिकार उल्लघंनका केही स्वरुपहरु देखिएका छन् :

- विभिन्न राजनीतिक दलहरुले कार्यक्रम गर्न ७ वटा विद्यालयको कक्षाकोठा, प्राङ्गण प्रयोग भएको ।
- चुनाव प्रचार प्रसारका लागि एउटा विद्यालयको बस प्रयोग गरिएको ।
- बालबीलकालाई चुनाव प्रचार गर्न लगिएको ।
- बालबालिकालाई परम्परागत भेषभुषा लगाइदिएर सांस्कृतिक कार्यक्रममा प्रयोग गरिएको ।
- चुनावी प्रचारप्रसारका क्रममा जिप, ट्याक्टर, टिप्पर, ट्रक लगायतका सवारी साधनमा बालबालिकालाई राखी ऱ्याली, आमसभा लगायत घरदैलो अभियानमा १६ वटा घटनामा ६९४ जना बालबालिका प्रयोग भएको ।
- ऱ्याली, आमसभा तथा कार्यक्रमहरुमा बालबालिकालाई बाजा बजाउने काममा २ वटा घटनामा ७ जना बालबालिका प्रयोग भएको ।
- उम्मेदवार मनोनयनको क्रममा ४ वटा घटनामा ३० जना बालबालिकाको प्रयोग भएको ।
- निर्वाचनको दिन बालबालिकालाई स्वयम् सेवकको रुपमा २ वटा घटनामा २० जना बालबालिका प्रयोग भएको ।
- विजय जुलुसहरुमा चुनाव चिन्ह अंकित टिसर्ट लगाई बालबालिकालाई नारा लगाउँदै ५ वटा घटनामा ९२ जना बालबालिका प्रयोग भएको ।

अनुगमनबाट प्राप्तभएका हालसम्मको जानकारीनुसार विभिन्न राजनीतिक दलहरुले निर्वाचनका क्रममा ३७ वटा घटनाहरुमा ८५३ जना बालबालिका प्रयोग भएको पाइएको छ ।

## ७. निष्कर्ष

देशको राजनीतिक गतिविधि तथा प्रक्रियाहरुमा बालबालिकाको सरोकार रहनु र उनीहरुले आफ्ना कुरा भन्न पाउनु तथा सम्बन्धित पक्षले सुनिदिनु बालबालिकाको अधिकार हो । तर अमुक दलविशेषका लागि बालबालिकालाई राजनीतिक क्रियाकलापमा प्रयोग गरिनुलाई बालअधिकार सम्मत बालसहभागिता मान्न सकिदैन, यस्ता कार्य बालअधिकार र निर्वाचन आचारसंहिता विपरीत हुन जान्छ । बालबालिकालाई राजनीतिमा प्रयोग गर्ने होइन, बालबालिकाका विषयलाई राजनीतिक मुद्दा बनाइनुपर्छ । बिगतका निर्वाचनहरुमा भन्दा यसपटकको निर्वाचनमा राजनैतिक दलहरु बालबालिकाको विषयमा केही संवेदनशील भएको पाइनुले असल संस्कृतिको विकासमा अग्रसर भएको मान्न सकिने केही आधारहरु रहेको देखिन्छ । निर्वाचनमा बालबालिका र विद्यालयको प्रयोग नगर्नेबारे स्थानीय तहमा नै राजनैतिक दलहरुको लिखत प्रतिबद्धताहरु आउनु र समुदायको पनि यस विषयमा चासो र सरोकार बढ्नु, सबैको क्रियाशिलता र सक्रियता बढ्नु सकारात्मक पक्ष रहन गएको छ । विभिन्न बालक्लबदेखि संघसंस्था र सरकारी निकाय, सञ्चार माध्यम सबैले निर्वाचनमा बालअधिकार अनुगमनलाई सघाउ पुऱ्याएकोले असल अभ्यासको थालनी भएको छ ।